प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

# उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय

## उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

## धनगढी, कैलाली

## सिलबन्दी प्रस्ताव आह्वानको सूचना नं. ०१/०७५/०७६

प्रथम पटक सूचना प्रकाशन मितिः २०७६/०२/१८

यस निर्देशनालयको आ.ब. २०७५/०७६ को स्वीकृत कार्यक्रम अनुसार यस सुदूरपश्चिम प्रदेशका ८८ वटै स्थानीय तहहरुमा दैनिक उपभोग्य सामानहरु (चामल, गहु तथा गहुको पिठो, नून, तोरीको तेल) स्थानीय उपभोक्ताहरुलाइ सुपथ मुल्यमा उपलब्ध गराउन प्रत्येक स्थानीय तहमा छुट्टाछुट्टै प्रतिस्पर्धा हुने गरी सिलवन्दी प्रस्ताव माग गर्नु पर्ने भएकोले इच्छुक इजाजत पत्र प्राप्त फर्म वा सहकारी संस्थाले प्रदेश सरकार सुदूरपश्चिम प्रदेशबाट जारी भएको सुपथ मुल्य पसल एवं लघु तथा घरेलु उद्योग संचालन तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६ को अनुसूची १, २ र ३ अनुसारको विवरण भरी यस निर्देशनालय वा सम्वन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग विकास समितिमा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।सूचनाको विस्तृत जानकारी यस निर्देशनालय र ९ वटै जिल्लाको घरेलु तथा साना उद्योग कार्यालय तथा घरेलु तथा साना उद्योग विकास समितिको सूचना पाटीमा टाँस गरिएको व्यहोरा अनुरोध गरिन्छ ।साथै विस्तृत जानकारी एवं निर्देशिका डाउनलोड गर्न मन्त्रालयको वेवसाइट www.moitfe.p7.gov.np लग इन गर्नुहोला।

निर्देशनालय प्रमुख

**नि. निर्देशक**

Scanned by CamScanner

## सुपथ मूल्य पसल संचालनको अनुदान सम्बन्धी सिलबन्दी प्रस्तावदाताले पालन गर्नुपर्ने सूचना एवं शर्तहरु

१. सिलबन्दी प्रस्ताव फाराम बुझाउन इच्छुक फर्म वा सहकारी संस्थाले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिनसम्म कार्यालय समयभित्र निर्देशनालय वा जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय/ समितिबाट निशुल्क प्रस्ताव फाराम प्राप्त गर्न सकिनेछ।

२. प्रस्ताव पेश गर्दा सुपथ मूल्य पसल एवं लघु तथा घरेलु उद्योग संचालन तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका २०७६ को अनुसूची १, २ र ३ वमोजिमका कागजात सम्बन्धित प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिको साथै प्रस्ताव सम्बन्धी अन्य आवश्यक सबै कागजातमा आधिकारिक व्यक्तिको दस्तखत र फर्म वा सहकारी संस्था छाप लगाएको हुनुपर्नेछ।

३. प्रस्ताव फाराम बुझाउँदा सिलबन्दी गरी खाम बाहिर ***"सुपथ मूल्य पसल संचालनसम्बन्धी सिलबन्दी प्रस्ताव र बुझाएको कार्यालयको नाम र जिल्ला समेत"*** भनी स्पष्ट उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समयभित्र दर्ता गर्न सकिनेछ।

४. तोकिएको मिति र समयभित्र दर्ता हुन आएका सिलवन्दी प्रस्तावहरु १६औं दिन दिनको ४:०० बजे प्रस्तावदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा निर्देशनालयमा खोलिनेछ। प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्नेछैन। फाराम दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसपछिको कार्यालय खुल्ने दिन सोही समय र स्थानमा उक्त कार्य गरिनेछ।

५. प्रस्ताव फाराममा उल्लेख गरिएको प्रत्येक आइटमको दररेट भर्दा अंक र अक्षरमा प्रष्टरुपमा भर्नु पर्नेछ। उल्लेखित अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

६. सिलवन्दी प्रस्ताव फाराममा प्रस्ताव दिनेको सहीछाप नभएको,लेख्नुपर्ने विवरण छुटेको,प्रष्ट नभएको,म्याद नाघी आएको,रित नपुगेको,दर उल्लेख नगरेको,शर्त राखि प्राप्त भएको प्रस्ताव उपर कुनै कार्यवाही गरिने छैन अर्थात त्यस्तो प्रस्ताव छनोट प्रक्रियामा समावेश गराइने छैन।

७. स्वीकृत प्रस्तावदाताले प्रस्ताव स्वीकृत भएको सूचना पाएको ७ (सात) दिन भित्र सम्झोता गर्नुपर्नेछ।

८. सिलबन्दी प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार निर्देशनालयमा सुरक्षित हुनेछ।

९. नियमानुसार तिर्न बुझाउनु पर्ने कर,शुल्क महशूल वा अन्य यस्तै भुक्तानी गर्नुपर्ने सबै दायित्व स्वीकृत प्रस्तावदाताको हुनेछ। नेपाल सरकारको प्रचलित ऐन,नियम अनुसार अग्रिम रुपमा कट्टी गर्नुपर्ने करहरु भुक्तानी गर्ने समयमा कट्टा गरिनेछ।

१०. प्रस्ताव सम्बन्धी अन्य शर्तहरु प्रस्ताव फाराम र करारनामा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

११. यसमा नपरेका अन्य कुराहरु सार्बजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित ऐन,नियम अनुसार हुनेछ।

नि. निर्देशक

Scanned by CamScanner